# प्रेस विज्ञप्ती

फाल्गुन २६, २०७८

## सिद्धार्थ बैंकद्वारा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई सहयोग

सिद्धार्थ बैंक लिमिटेडले २०७८ फाल्गुन २६ गते बिहीबारको दिन बाँसबारी, काठमाण्डौ स्थित शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई सामाजिक उत्तरदायित्व अर्न्तगत रु. पन्ध्र लाख रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ । सो रकम बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री सुन्दर प्रसाद कडेल ज्यूले शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका कार्यकारी निर्देशक डा. चन्द्र मणि अधिकारी ज्यूलाई हस्तान्तरण गर्नुभएको हो ।

बैंकबाट प्राप्त उक्त रकम शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले सर्जिकल वार्ड विस्तार गरी बेडहरु थप गर्नको लागि उपयोग गर्नेछ । उक्त सहयोगबाट अस्पतालका मुटुरोगी बिरामीहरुलाई केही हदसम्म भए पनि सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

बैंकले शिक्षा, स्वास्थ्य, वातावरण, पर्यटन, सांस्कृतिक सम्पदा, पुर्वधार र सुरक्षा जस्ता क्षेत्र अन्तर्गत विभिन्न सामाजिक उत्तरदायित्व निर्वाह सम्बन्धि कार्यहरूमा सहभागिता जनाउदै आएको र आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिदै जाने उद्देश्य बैंकको रहेको छ ।